# गौशाला नगरपालिका

## गौशाला, महोत्तरी

### २ नं. प्रदेश, नेपाल

## प्रतिवद्धता

२०७४ कार्तिक २२

नेपालमा मातृ शिशु पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू, विकास साझेदारहरू, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूबाट २०६९ साल असोज ४ गते प्रतिवद्धताको घोषणा पत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३ कार्यान्वयन भईरहेको छ । नेपालले सन् २०३० सम्ममा कुपोषणलाई अन्त्य गर्ने अन्तराष्ट्रिय प्रतिवद्धता व्यक्त गरेको छ । विगतमा स्थानीयस्तरमा जिल्ला समन्वय समितिको (साविकको जिल्ला विकास समिति) संयोजनकारी भूमिकामा स्थानीय निकाय र विषयगत कार्यालयहरु मार्फत यो योजना कार्यान्वयनमा रहेकोमा हाल नया संविधान जारी भई संघ, प्रदेश र स्थानीय तहका अधिकारहरु स्पष्ट भई आएका छन । आज यो कार्यक्रमको सफल कार्यन्वयनको कर्तव्य हाम्रो भएको छ । आज मिति २०७४ कार्तिक २२ गते यस नगरपालिकाका निर्वाचित पदाधिकारीहरु हामी वहुक्षेत्रीय पोषण योजनाको अभिमुखिकरणमा उपस्थित भई निम्नानुसारका क्रियाकलाप पूर्ण रुपमा कार्यान्वयन तथा सहभागिता जनाई नगरपालिकामा यस योजना सफल सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

**प्रतिवद्धता:**

१. सबै बालबालिकालाई अनिवार्य विद्यालय जाने वातावरण सृजना गरि गुणस्तरीय शिक्षाको व्यवस्था गर्नेछौं ।
२. निशुल्क तथा गुणस्तरीय उपचारका लागि प्रत्येक वडामा स्वास्थ्य चौकी र नगरमा ५० शैयाको प्रसुती सेवा सहितको अस्पताल निर्माण गर्नेछौ ।
३. नगर लाइ बाल विबाह मुक्त गर्नेछौं ।
४. गर्भवती तथा सुत्केरी आमालाई पोषण समाग्री प्रदान गर्नेछौं ।
५. नगर भित्र स्वच्छ खानेपानीको व्यवस्था र पुर्ण सरसफाईको सुनिश्चित गर्नेछौं ।
६. अभिमुखिकरणमा प्राप्त ज्ञान सीप र साझा बुझाईलाई व्यवहारमा लागु गर्न सदा तत्पर रहनेछौं ।
७. विभिन्न तहमा भएका प्रतिवद्धता, कार्ययोजना र समन्वय संयन्त्रसहित कार्यान्वयनको सुनिश्चितताका लागि सहयोगी निकायवाट प्राप्त सहयोगलाई समेत मूलप्रवाहीकरण गर्दै प्रभावकारी अनुगमन गर्न अघि बढ्नेछौं ।
८. सवैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गर्ने छौं ।
९. यो योजना सञ्चालन गर्न संघीय, प्रादेशिक, अन्य स्थानीय तह लगायत विकास साझेदार एवंम् सरोकार निकायसंग सार्थक समन्वय गर्नेछौं ।
१०. स्वस्थ्य सफा र पुर्ण पोषणयुक्त घर, गाउं, वडा अभियान सञ्चालन गर्दै आगामी ५ वर्ष भित्र यस गौशाला नगरपलिकालाई कुपोषणमुक्त गर्नेछौं ।
११. नगरमा रासायनिक मल प्रयोगमा निरुत्साहित तथा प्राङरीक खेतीलाई प्रोत्साहन दिदै एक घर एक फलको विरुवा लगाउने छौं ।
१२. नगर भित्र बालश्रमलाई अन्त्य गर्नेछौं ।

नगरपालिका स्तरीय अभिमुखिरण २०७४ कार्तिक २२, गौशाला, महोत्तरी ।

Scanned by CamScanner